# डोल्पाका प्रसिद्ध त्रिपुरासुन्दरी भगवती

–रत्नाकर देवकोटा

## विषय प्रवेश

डोल्पा कर्णाली अञ्चलको पूर्वी भागमा अवस्थित एक जिल्ला हो। यस जिल्लाको भू-भागलाई मुख्य तीन रूपमा बाँड्न सकिन्छ। जिल्लाको पश्चिमी भेकलाई तलि भोटान, मध्यवर्ती भेकलाई भोटान र माथिल्लो भेकलाई छार्काभोट (भोट क्षेत्र) भनिन्छ। यस जिल्लाको सदरमुकाम दुनै (सरस्वती तीर) समुद्री सतहदेखि करीब ६ हजार फीटको उचाइमा छ। यो सदरमुकाम जिल्लाको मध्यवर्ती भेकमा छ।

यस जिल्लाका प्रसिद्ध ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक र पर्यटकको दृष्टिले ज्यादै महत्त्वपूर्ण मानिएका विभिन्न स्थलमध्ये त्रिपुरासुन्दरी भगवती मन्दिर, मुकुटेश्वर हिमाल, काञ्जीरूवा हिमाल, फोक्सुन्डो ताल (तीनकुने दह), जग दुल्ला ताल, ताम्रवर्णी नदी, भैरवी गङ्गा, सुन्दरी नदी, जगदुल्ला नदी, छार्का भोट, शहर तारा, गुम्बा तारा, व्याँस गाड, कोट तारा, टुप्पा तारा, व्याँस (ऋषि) आश्रम, छयादुल गुम्बा र अरू विभिन्न स्थल छन्। यस छोटो लेखमा यस जिल्लाको मध्यवर्ती त्रिपुराकोट गाउँ विकास समिति वडा नं. २ कोट गाउँस्थित प्रसिद्ध त्रिपुरासुन्दरी भगवती मन्दिरको बारेमा केही जानकारी दिन खोजिएको छ।

## त्रिपुराकोटको भौगोलिक बनोट

यस मन्दिरको उत्तर तर्फ उच्च कागमारा हिमाल, अनि यसै हिमालको मोहडादेखि दक्षिणतिर प्रसिद्ध मुकुटेश्वर हिमाल अवस्थित छ। यसै हिमालबाट दक्षिणतिर ओरालोमा बगेर छलगाड आइरहेको छ। यसै छलगाड खोलालाई स्थानीय कोट गाउँका जनताले ताम्रवर्णी नदी भन्ने नाम राखी नदीकै रूपमा आदर भाव गरेर यहाँ आई किनारमा स्नान गर्ने र अर्चना तथा बन्दना गर्ने गरेका छन्। पूर्वतिरको मुस्ताङको लेक र पूर्वोत्तर छार्का भोटतिरबाट बगेर शहर तारा, गुम्बा तारा, टुप्पा तारा, कोटे तारा र दुनै सरस्वती तीर हुँदै एउटा नदी भन्ने गरिएको छ। पूर्वबाट दक्षिणतिर हुँदै पश्चिमतिर एउटा अर्को नदी बगेर आएको छ। यस नदीलाई भैरवी गङ्गा भन्ने गरिएको छ। उत्तरबाट आएको ताम्रवर्णी पूर्वबाट आएकी सुन्दरी र दक्षिणतिरबाट आएकी भैरवी गङ्गाको संगम यसै त्रिपुराकोटको स्थलमा भएको छ। यो तीनै नदीको यहाँ सङ्गम भई यी तीनै नदी र खोलाले आ—आफ्नो पूर्व नाम बदलेर एउटै विशाल भेरी नदीको नामले प्रसिद्ध पाएर दक्षिणतिरको होलु गोताम हुँदै राप्ती अञ्चलको रूकुम र भेरी अञ्चलको जाजरकोट जिल्लाको बीचबाट बगेर गई आखिर भेरी अञ्चलको भेरी नदी नै हुनगएका छन्। पूर्वबाट बगेर त्रिपुराकोटमा आइपुग्दासम्म पनि सुन्दरीको अर्को नाम गल्लीगाड भन्ने गरिएको छ। तर यस त्रिपुराकोटमा तीनवटा नदीको संगम भएर बनेकी भेरी नदीको विशाल कायलाई प्रसिद्ध नदी (भेरी)

को नाम रहनु सार्थक भएको छ। भेरी अञ्चलको भेरी नदीको मुहानलाई कर्णाली (अञ्चल र नदी दुइटै) ले आफूमा अन्तर्निहित गरी आफ्नो आधा अङ्गलाई बाहिर भेरीको नामले बगाउन सकेकोमा कर्णालीलाई आफैंमा गौरवको कुरा छ।

यसै त्रिपुराकोट भन्ने ठाउँमा बगिरहेकी सुन्दरी नदीको दक्षिण किनारा र ताम्रवर्णीको पूर्वी किनारको बीचमा कोट भन्ने ठाउँ छ र यसै कोटको नामबाट प्रसिद्ध कोट भन्ने गाउँ छ। तीनतिरको नदीको संगम-स्थलको बीचमा रहेको एउटा सानो डाँडा र त्यहाँको फाँटलाई समेटेर कोट भन्ने गरिएको छ। यसै कोट भन्ने गढीमा प्रसिद्ध त्रिपुरासुन्दरी भगवतीको ऐतिहासिक मन्दिर छ। तलबाट सिंढी चढेर माथि डाँडामा जानु पर्ने अवस्था आएको ठाउँलाई गढी भन्ने चलन छ।

हाम्रो धार्मिक र पौराणिक ग्रन्थ स्वस्थानीमा वर्णित त्रिपुरा नामक राक्षसलाई मार्ने देवीको नामबाट त्रिपुरासुन्दरी भगवतीको नाम रहन गएको कुरा स्थानीय एकथरी बूढापाकाहरूको भनाइ छ। अर्कोतर्फ सोही धार्मिक ग्रन्थ स्वस्थानीमा उल्लेखित भगवान् शङ्करकी अर्धाङ्गिनी सती देवीको अङ्ग पतन हुँदा यसै ठाउँमा सती देवीको कन्ड्याउलो पतन भई भगवान् मुकुटेश्वर महादेवको पीठको सिर्जना भएको हो भन्ने कुरा पनि स्थानीय केही बूढापाकाहरूको भनाइ छ। यसै मुकुटेश्वर हिमालको काखमा अवस्थित गाउँ ठाउँमा स्थानीय मानिसले जे चितायो त्यही पुऱ्याउन सक्ने दैवी शक्ति भएकी मध्य भवानी (भ्वानी) का थानहरू प्रशस्त पाइन्छन् भन्ने पनि सुनिएको छ।

## त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति र विस्तार

डोल्पा जिल्लाका केही बूढा पुराना मानिसहरूको भनाइ अनुसार, त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति विस्तार र गुठी सम्बन्धमा यस्तो कथन पाइन्छ।

त्रिपुराकोटको यही कोट गढीमा कुनै बेला राजा विक्रम शाही महाराजको दरबार थियो। विक्रम शाहीले यसै कोट गाउँका विष्ट (क्षेत्री) हरूलाई आफ्ना काजीका रूपमा राखेका थिए। अहिलेको त्रिपुरासुन्दरी भगवतीको मन्दिर पछाडिको कोट परेको ठाउँमा राजा विक्रम शाही महाराजको दरबार रहेछ। त्यस दरबार क्षेत्रभित्र धान कुटने एउटा ठूलो ढुंगाको ओखल रहेछ। त्यसै क्षेत्रभित्र वेणुको एउटा रूख थियो। त्यसै वेणुको फूल फुलेपछि त्यही फूल टिपेर तिनै राजाले प्रयोग गर्थे। तिनै राजाका काजी (विष्ट) की कजिनीहरू त्यसै ओखलमा सधैं धान कुटने गर्दथिन्। ती कजिनीहरूले धान कुट्दा कहिले चार माना धानको आठ माना चामल हुने, कहिले आठ माना धान कुट्दा भुस र ढुटो केलाएर चार माना हुने गर्दथ्यो। आठ माना धान कुटेर ४ माना चामल हुनु स्वाभाविकै हो। तर चार माना धान कुटेर धानको भुस र ढुटो पर्याँकी शुद्ध आठमाना चामल निस्कनु आश्चर्य-लाग्दो असाधारण कुरा भएकोले सबैले आश्चर्य माने। यस्तो अनौठो कुरा हुनलाई यस ओखलभित्र केही रहस्य लुकेको छ भनी सबैजना तर्क वितर्क गर्न थाले। यसैले सबैले त्यो रहस्य बुझ्नलाई आ-आफ्नो बुद्धि र बर्कत लगाउन थाले। आखिर सबैको एउटै मत भयो कि त्यस ओखल मुन्तिर कहीं अनौठो चीज लुकेर रहेको छ। ती राजाले आफ्ना बिष्ट काजीहरूलाई त्यो ओखल खन्न लगाए। त्यस ओखल मुन्तिरको खाडलसम्म लगातार खन्दा पनि केही चीज भेटिएन। अहोरात्रको परिश्रमले त्यो ओखल मन्तिरसम्मको माटो खनी ओखललाई माथितिर तानी २।३ मानिस डुब्न सक्ने गहिरो खाडल खनी माटो पर्याँक्दा त्यस ओखलको तलतिरको गहिरो जमीनमा अष्ट दल र षट्कोण भएको यन्त्रमाथि विराज-मान भएकी भगवतीको एउटा शिला भेटियो। त्यस शिलालाई त्यस गहिराईबाट उठाई माथि राखुँभन्दा त्यस खाडल (खाल्डो) बाट अनेकौं देवीका मूर्तिहरू पुतलीको रूपमा उडेर माथि आउन थाले। त्यहाँबाट उडेर आएको देवी स्वरूपकी एउटा पुतली त्यसै कोटदेखि पारिपट्टि (पश्चिमतिर) को गुदटुमाको टाकुरामा बसिन्। त्यस टाकुरामा बस्ने देवीलाई मालिका भनिन्छ। अर्को मूर्ति रूपकी पुतली त्यहाँबाट उडेर जुम्लाको सिंजादराको ऐतिहासिक लामा थाडाको टाकुरामा गएर रोकियो। त्यो ठाउँ अहिले कनकासुन्दरी भगवतीको मन्दिरले प्रसिद्ध छ। त्यस कोटको खाल्डोबाट उडेको अर्को पुतली

बाँकेको नेपालगञ्जमा गई बागेश्वरीको नामले प्रसिद्ध छ । अर्की देवीको मूर्ति पुतलीस्वरूप भएर उडी सल्यानको खैराबाङ्गमा गएर बस्यो । हाल सो ठाउँ खैराबाङ्ग भगवतीको नामले प्रसिद्ध छ । त्यहाँबाट उडेको अर्को पुतली हालको बैतडी जिल्लाको पाटनमा गएर रोकिएको थियो । जसलाई हाल त्रिपुरेश्वरी (भगवती) को नामले पुकारिन्छ । अर्को पुतली कालीकोट, बाजुरा र डोटी जिल्लाको बीचको बडीमालिकामा गएर बस्यो ।

त्यहाँबाट उत्पन्न भएकी अरू बाला त्रिपुरा र सुन्दरी देवी (भगवती) हरू त्यसै कोटमा अवस्थित छन् ।

त्यसबेला उक्त खाल्डोबाट पुतलीस्वरूप उडेकी देवीहरूमध्ये मानिसले छोएसम्मकी देवीहरू शिला भएर पत्थरिएकी छन् भने मानिसले छुन र समात्न नपाएकी देवीहरू मूर्तिको रूपमा रहेकी छन् । त्यसबेला उक्त खाडलबाट उत्पन्न भएकी देवीहरूमा त्रिपुरा, बाला, सुन्दरी र मालिका (डोल्पा जिल्लामा), काली खैराबाङ्ग (सल्यान जिल्लामा), बागेश्वरी (नेपालगञ्ज-बाँके जिल्लामा), कनकासुन्दरी (जुम्ला-लामाथाडामा), त्रिपुरेश्वरी (बैतडी जिल्लाको पाटनमा) र बडीमालिका (बाजुरा) नौबाहिनीको रूपमा देखापरेकी हुन् ।

डोल्पाको यस त्रिपुरासुन्दरी भगवतीको मन्दिरमा बाला, त्रिपुरा, सुन्दरी, देवी र महाकालीका बेग्ला बेग्लै ५ ओटा सालिक (शिला) छन् भने ब्रह्मायणी, इन्द्रायणी, बाराही, चामुण्डा, चण्डिका र अष्टदल (अष्ट नामले छोइएका अष्ट मूर्ति भन्ने देवी) का साथसाथै राजा विक्रम शाही, रानी अग्रावती र युवराज बद्री शाही (शाह पनि भन्ने गरिएको) का बेग्लाबेग्लै विभिन्न धातुका मूर्तिहरू छन् । त्यस मन्दिरमा स्थापित शिला र मूर्तिहरूमा बालाको मूर्ति खण्डित, सुन्दरीको मूर्ति धेरै नै खण्डित तथा त्रिपुरा र देवीको मूर्ति सद्दे अवस्थामा छन् । उपर्युक्त पुतलीले पश्चिम नेपालका विभिन्न भागमा त्रिपुरासुन्दरी भगवतीको अस्तित्व र महत्त्व दर्शाउँदै विभिन्न देवीको कामलाई व्यापक रूपमा ढाकेको पाइन्छ ।

**त्रिपुरासुन्दरी भगवतीका पूजारीहरूको नियुक्ति र यिनको वंशक्रम**

यस मन्दिरभित्र बाला, त्रिपुरा र सुन्दरी ३ ओटी देवीका मुख्य मूर्ति भए तापनि बालाको नाम लोप भई त्रिपुरा र सुन्दरी दुईटीको संयुक्त नामबाट त्रिपुरासुन्दरी भगवतीको मन्दिर भन्ने चलेको छ । यस मन्दिरमा पूजा गर्ने पूजारीहरूको परम्परामा यस मन्दिरको स्थापना भएका केही वर्षसम्म तिनै राजा विक्रम शाहीका काजी बिष्टहरूले नै यिनी भगवतीको पूजाआजा गर्ने प्रारम्भिक कार्य शुरू गरेका थिए । त्यसपछि जुम्लाका चौलागाईं, त्यसपछि जुम्लाका सिखाडाका ब्राह्मण र त्यसपछि (हाल कालिकोट जिल्ला) घनाड गाउँका न्यौपाने ब्राह्मणहरूले पूजा गर्ने गरेका थिए । त्यसपछि जुम्ला खल्लाल बाडा (बाहुली गाउँ)का न्यौपाने थरका उपाध्याय ब्राह्मणहरूले यस ठाउँमा पूजा गर्न थालेका हुन् । आजसम्म पनि यिनै खल्लाल बाहुनका सन्तान-दरसन्तानले पूजाआजा गरिरहेका छन् । यस कोट गाउँका न्यौपाने ब्राह्मण थानीहरू यसै खल्लालबाडा (गाउँ) का न्यौपानेहरूका सन्तान हुन् । यिनै कोटाल थानीले यहाँका मुख्य पूजारी भएर नित्यपूजा गरिरहेका छन् । कोट गाउँका बासिन्दाहरूमा बिष्टहरू नै यहाँका पुराना बासिन्दा मानिन्छन् । यहाँको प्रसिद्ध ऐतिहासिक सो ओखल खनेर माटो झिकी खाडल बनाएर देवीहरूलाई झिकेकाले हाल यहाँका बिष्टहरूसंग माटो (जग्गा जमीन)नभई आर्थिक अवस्थाले कमजोर हुनपरेको छ भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ ।

सो कोट गाउँका तात्कालिक टाकुरे राजा विक्रम शाही र यिनका यहाँका काजी-बिष्टहरूले यस कोट भन्ने ठाउँमा भगवती बाला, त्रिपुरा र सुन्दरीदेवीको स्थापना गरिसकेपछि एक पटक यही जुम्ला अशीदरा खल्लालबाडा गाउँबाट एक जना थानी उपाध्याय न्यौपाने ब्राह्मण मुस्ताङको मुक्तिनाथको दर्शन र तीर्थ गर्न भनी जाँदा यसै कोट गाउँमा पुगेछन् । त्यहाँ उनको सामान्य परिचय भइसकेपछि राजा विक्रम शाही र यिनै खल्लाल बाहुनलाई सो भगवतीका पूजारी भई यहीं बस्नु पर्‍यो भनी आग्रह गर्दा ती बाहुनले म अहिले तीर्थ गर्न भनी हिंडेको छु, मुक्तिनाथमा पुगेर मुक्तिनाथको दर्शन गरी पिण्ड प्रदान गरेर आफ्नो घरमा पुगी शुद्ध भई पितृ ब्रत पूरा गरिसकेपछि म आफ्नो भार्या समेतलाई साथ ल्याई आउँछु भनेछन् । त्यसपछि उनले आफूले भने जस्तै

गरी आफ्नो वचन पूरा गरे। खल्लालबाडा कोट गाउँमा पूजारी हुनगएका ती दुई भाइको नाम उदयराम न्यौपाने र नन्दराम न्यौपाने हो। यी दुई दाज्यू भाइका पिताको नाम शुकदेव न्यौपाने हो। यिनी शुकदेवले पनि भगवती त्रिपुरासुन्दरीको पूजा गरेका हुन्। खल्लाल–बाडाबाट यहाँ आएका पूजारीमध्ये तिनै शुकदेव पहिला पूजारी हुन् भन्ने भनाइ छ। यिनै भगवतीका पूजारीहरू-को वंश भेटिएसम्म यस प्रकार छ–

- शुकदेव न्यौपाने (१)
  - उदयराम (२)
  - नन्दराम (२)

- शिवराम (स्युराम) (३)
  - हरिपाध्या (४)
    - सर्पानन्द (५)
      - चक्रानन्द (६)
        - रुद्रानन्द (७)
          - धनप्रसाद (८)
  - बिष्णुपद पाध्या (४)
    - जीवनाथ (५)
      - ध्रुबपद (६)
        - मित्रानन्द (७)
          - पूर्णपद (८)
            - टंकप्रसाद समेतका ५ भाइ छोरा (९)
              - टंकप्रसादका छोरा नारायणप्रसाद (१०)
      - विष्णुकान्त (६)
        - भानुभक्त (७)
          - नन्दकृष्ण (८)
            - लक्ष्मीनारायण (९)
          - देवनारायण (८)
            - ४ भाई छोरा (९)
        - विष्णुदत्त (७)
          - बिष्णुरूद्र र भीमदत्त समेत ४ भाइ छोरा (८)
      - भानुचन्द्र (निसन्तानी) (६)

- सर्पानन्द (५)
  - चक्रानन्द (६)
    - रुद्रानन्द (७)
      - धनप्रसाद (८)
  - हेमरुद्र (६) निसन्तानि
  - चन्द्रशेखर (६)
    - रूद्रलाल (७)
      - आदिचन्द्र समेतका ४ भाई छोरा (८)
    - हरिलाल (७)

छोरा अनिरुद्र, अनिरुद्रका छोरा नमानन्द र यिनका छोरा बालकृष्ण र यिनका छोरा भानुचन्द्र, भक्तिप्रसाद समेत ३ ओटा छोरा छन्।

यस मन्दिरमा विधिपूर्वक पाठपूजा गर्न जात मिल्दो अरू कोही नभएकोले जुम्ला गमदरा चैन गाउँ (हाल मुगु जिल्ला) का चौलागाईं ब्राह्मणलाई झिकाइयो। यस मन्दिरका पहिला ब्राह्मण पूजारी यिनै चौलागाईंलाई मानिन्छ। उनी पछि जुम्ला अशीदरा सिमखाडा गाउँका तिमिल्सिना ब्राह्मणलाई बोलाई पूजा गर्न लगाइएको हो। ती तिमिल्सिना ब्राह्मणको मृत्यु भएपछि तेस्रा पूजारीका रूपमा जुम्ला धनाड गाउँ (हाल कालीकोट जिल्ला) का न्यौपाने ब्राह्मणले पूजा गरे भने चौथो पूजारीका रूपमा खल्लाल न्यौपाने ब्राह्मण नियुक्त गरिए। यसरी जुम्लाका विभिन्न थरका ब्राह्मणद्वारा यस मन्दिरको पूजा गराइए पछि आखिरमा आएर खल्लाल ब्राह्मणद्वारा पूजारीको आसनमा स्थायित्व आएको पाइन्छ।

तिनै शुकदेव न्यौपानेका नवौं पुस्तासम्मका सन्तानले हाल उक्त मन्दिरमा नित्यपूजा पाठ चलाइरहेका छन्। शुकदेवका नाति शिवराम (स्युराम), उदयराम वा नन्दराममध्ये कुन चाहिं भाइका छोरा हुन् त्यो कुरा पत्ता लगाउन सकिएको छैन तापनि यस मन्दिरका शुरूदेखिका पूजारीहरूको थर र वंशावलीको केही हदसम्म टुंगो लाग्न सकेकोमा सन्तोषकै कुरा छ।

शुकदेवको चौथो पुस्ताका एक गरी पनाती (जेठा वा कान्छा) हरि पाध्याको ७१ वर्षको उमेरमा यिनका सर्पानन्द पाध्या (उपाध्याय) भन्ने छोरा जन्मेका हुन् भन्ने भनाइ छ। यिनै हरि पाध्याले २२ धार्नी तामाको नगरा (दमाहा) र ३६ धार्नी काँसाको घण्ट बनाई यिनै भगवतीका मन्दिरमा चढाएका थिए। यिनका छोरा सर्पानन्द पाध्याले काठमाडौंमा गई तात्कालिक श्री ५ महाराजाधिराजबाट आफ्नो र आफ्ना सन्तानको नाममा यिनै त्रिपुरासुन्दरी भगवतीको नित्य पूजाआजा गर्ने लालमोहरिया पण्डित र यस मन्दिरको गुठीको व्यवस्था गरी सनद र लालमोहर गराएर आएका थिए भन्ने भनाइ छ। यिनै सर्पानन्दले गुल्मी अर्घाखाँचीमा गई त्यहाँका प्रसिद्ध पण्डितसंग १५ दिनसम्म बसी त्यस बेलाको १५ दिनसम्म बडा दशैं मनाउने चलनको दशैं विधि सारेर त्याई कोटमा भगवतीको नित्यपूजा गर्ने विधि र बडादशैंमा नवरात्रको चलन चलाएका हुन्। पछि यिनैका एकथरि सन्तान रामशर्ण न्यौपानेले सो मन्दिरमा एउटा अर्को ठूलो घंटा चढाएका थिए भन्ने कुरा पाइन्छ। उक्त वंशावलीमा सो रामशर्णको नाम समावेश हुनसकेको छैन। निज रामशर्णका छोरा अनिरूद्ध, अनिरुद्धका छोरा नयाँनन्द, यिनका छोरा बालकृष्ण र यिनका छोरा– भानुचन्द्र, भक्तिप्रसाद समेत ३ ओटा छोरा छन्।

## भगवतीको उदयकाल र पार्श्ववर्ती अन्य मन्दिरहरू

वि. सं. १४१० सम्म यहाँ यस मन्दिरको कुनै चर्चा थिएन। करीब वि. सं. १४११ मा धान कुट्ने त्यस ओखलको विशेषता झल्किन थाल्यो। उपर्युक्त तरीकाले त्यस ओखलबाट भुर्र गरी उड्ने पुतलीलाई ती कुमाई बिष्टले पक्रे। बिष्टद्वारा पक्रिएका ३ ओटा पुतली नै बाला, त्रिपुरा र सुन्दरी हुन् भन्ने कुरा माथि उल्लेख भइसकेको छ। राजा विक्रम शाहीले जन सहयोग जुटाई ती तीन देवीलाई विराजमान गराए। ओखलबाट पुतलीको रूपमा निस्केका ती नवै देवीका रङ्ग तथा रूप एउटै किसिमको छ भन्ने कुरा सुनिन्छ। त्रिपुरा सुन्दरी भगवतीको मन्दिर शुरू शुरूमा सामान्य थियो। पुरानो ओखलको पूर्वपट्टिको भीरको टुप्पामा पाटी जस्तो मन्दिर बनाई ती देवीहरूलाई स्थापना गरिएको हो। सो मन्दिर मात्र पाटीको नामले प्रसिद्ध छ। त्यस पछि समय समयमा सो मन्दिरको रूप र आकार बढाउँदै लगिएको छ। यस मन्दिरको पश्चिमतर्फ राजा विक्रम शाहीको बिगुलेको सम्झनास्वरूप स्थापित वीर स्थान छ। उक्त भगवती मन्दिरकै छेउछाउमा भगवतीको बाहनस्वरूप स्थापित टाँके बाहनको स्थान बनाइएको छ।

## पाठपूजाको लागि गरिएको केही ऐतिहासिक क्रम

यिनै पंक्तिका लेखकको प्रधान सम्पादकत्वमा सम्पादित 'वेणु' चौथो अङ्क (पत्रिका) मा यिनै पंक्तिका

लेखकद्वारा सङ्कलित एउटा लेख २०२६ सालमा प्रकाशित भएको छ। उक्त ऐतिहासिक पत्र संग्रहमा त्यस बेलाको जुम्लाका १८ दराका विभिन्न भाग र स्थानमा पूजिने विभिन्न देवीदेवताको पाठ पूजा गर्ने ब्राह्मणहरूको निम्ति दक्षिणाको व्यवस्था र पाठपूजाका आवर्त्तको उल्लेख गरिएको छ। त्यस पत्रमा तिबृकोट दराका यसै मन्दिर-मा गरिने पाठ आवर्त्त, दक्षिणा र पाठकी ब्राह्मणहरूको सम्बन्धमा यस्तो कुरा उल्लेख भएको छ।

श्री त्रि पुरा सु न्दरि का स्थान मा चतु र्मासा चं डी आवर्त्ति ६६ का दछी ना बिस्नु पति बिस्नु भक्त जो सी के— १२

अँज न का स्थान मा नव रा त्री वे द चं डी आबर्त्ति के द छीना भवा नी प्रसाद पांडे देउ कृष्ण पाध्याके— २

अँज न का स्थान मा चं डी का आबर्त्ति ९ के तुलाराम जो सी के— १

अँज न का स्थानमा चतु र्मा सा चं डी आवर्त्ति १४४ के द छी ना दामो दर जो सी के लर्मी गाउँ का ज्मा मध्य — १८

ऐं स्थानमा चतु र्मासा चं डी आ बर्त्ति २८८ के दछिना (कृ) पा रामै स्य राम जोसी के घोडया पोषरि गाउँ का ज्मा अध्ये— ३६

श्री त्री पुरा सुन्दरी देवी का स्थानमा नित्ये चं डी पाठ आ वर्ति ३६० को दछि ना राम सर्व बिस्नु भक्त पाध्याके व्यास त ली फा ल गाउँ का ज्मा मध्ये— ४

नि जका स्थानमा नित्ये वेद पाठ आवर्त्ति ६ के दछि ना ही रा भक्त पुर्णानन्द पाध्याके व्या स त ली फा ल गाउ के १८ नि ज का थानमा नि त्ये त्री पुर सहश्र ना म आ बर्त्ति ३६० के दछि ना जीव नाथ पाध्या के गल्लि गाउँ १ के ज्मा रु.— २४

यस ऐतिहासिक पत्रमा उल्लिखित बिष्णुपति, बिष्णुभक्त, भवानीप्रसाद, देउकृष्ण, तुलाराम, दामोदर, कृपाराम, स्युराम, सहदेउ, बद्रीप्रसाद, रामशर्ण, हीरा-नन्द र पूर्णानन्दहरूको समय र उपर्युक्त पूजारीहरूको वंशक्रम, नाम र समय मिल्दोजुल्दो छ।

सो वंशावलीमा वर्णित स्युरामको नाम उक्त ऐतिहासिक पत्रमा पनि देखा पर्‍यो। उक्त वंशावलीमा विष्णुपद, विष्णुकान्त, विष्णुदत्त र विष्णुरुद्र भन्ने ४ जना व्यक्ति एउटै सन्तानको क्रममा चारौंदेखि सातौं पुस्तासम्म भेटिए तर सो ऐतिहासिक पत्रमा उल्लिखित विष्णुभक्त भन्ने व्यक्ति उक्त वंशावलीमा देखा परेनन्। तर पनि त्यो वंशावली बनाउने व्यक्तिलाई विष्णुभक्त भन्ने व्यक्तिको नाम थाहा नभई छूट हुन पनि सक्छ। त्यस वंशावलीभित्रका विष्णुकान्त र त्यस ऐतिहासिक पत्र भित्रका विष्णुभक्त भन्ने व्यक्ति एउटै सन्तानभित्रका दुइटा व्यक्ति हुन् भन्ने पनि कसैकसैको भनाइ छ।

उपर्युक्त वंशावलीमा शुकदेवका दुई जना छोरा उदयराम र नन्दराममध्ये एक जनाको वंशक्रम जोडिएका र अर्काको नजोडिएकोले पनि केही पूजारीको नाम छूट हुनसक्छ।

उपर्युक्त वंशावलीभित्र देखानपरेका तर उनै शुकदेव न्यौपानेको वंशक्रमभित्र परेर यिनै त्रिपुरासुन्दरी भगवतीका पूजारीभित्र गनिएका विष्णुभक्त र पूर्णानन्द-को त्यस बेला वेद, रुद्री, चण्डी र अरू षडशास्त्रबाट विभिन्न वैदिक मन्त्र तथा श्लोकहरू सारेर पाठ गर्ने चलन चलाउनुका साथै स्वयं आफैले पनि धार्मिक श्लोक र स्तोत्र रच्ने गर्दथे। यिनी २ जनाको लेखाइ (ह्याण्ड राईटिङ्ग) बढी राम्रो थियो। त्यस बेला यी दुई जना-लाई त्यस क्षेत्रका पुराना लेखकको रूपमा मानिन्थ्यो भन्ने कुरा जुम्ला असीदरा तलिचौर गाउँबाट उक्त कोट गाउँ-मा बसोबास गर्न गएका बिष्णुलाल उपाध्याय देवकोटाका जेठा छोरा करीब ७३ वर्षीय रत्नप्रसाद उपाध्याय देवकोटाले बताउनु भएको छ। माथिको ऐतिहासिक पत्रमा नाम दिइएका पूजारीहरूको समय वि. सं. करीब १६११ देखि १६५० का बीचको मानिएको छ।

यस मन्दिरका शुरूका पूजारी चौलागाईं, त्यस पछिका दोस्रा पूजारी तिमिल्सिना (सिमखाड्या), त्यस पछि तेस्रा पूजारी धनाडे न्यौपाने र त्यसपछिका चौथा पूजारी शुकदेव न्यौपानेसम्मको समय करीब वि. सं. १७५० देखि वि. सं. १६०० सम्मको मानिन्छ।

यसै त्रिपुराकोट गाउँ विकास समितिका केही

उत्साही युवकहरूको प्रयासबाट २०३५ सालमा स्थापित त्रिपुरा सांस्कृतिक समितिले २०३७ साल माघ महीनामा त्रिपुरा सहस्र नाम स्तोत्रमको संशोधन सहित २३+६=२९ पृष्ठको सानो पुस्तक प्रकाशित गरेको छ। यो स्तोत्र यस मन्दिरका पूजारी पूर्णानन्द उपाध्याय न्यौपानेद्वारा वि. सं. १९१४ सालमा प्रकाशित उक्त पुस्तकको प्रकाश–कीयमा उल्लेख भएको छ।

## धार्मिक ग्रन्थमा त्रिपुरासुन्दरीको स्थान

हाम्रो तन्त्रशास्त्रमा शक्तिको ठूलो महत्त्व छ। त्यसमध्ये त्रिपुरासुन्दरी भगवती पनि एउटा चर्चित स्वरूपिणी मानिन्छन्। सुन्दरी भगवती पनि एउटा चर्चित शक्ति स्वरूपिणी मानिन्छन्। तन्त्रशास्त्रमा यस्ता शक्ति दश प्रकारका छन्। जसलाई दश महाविद्या पनि भनिन्छ। ती महाविद्या यस प्रकार छन्– काली, तारा, षोड्शी, भुवनेश्वरी, छिन्नमस्ता, भैरवी, धुमावती, बगलामुखी, मागङ्गी र कमला। उपर्युक्त १० महाविद्या भित्रको एक षोडशी भन्नु थिनै त्रिपुरासुन्दरी हुन्। त्रिपुरासुन्दरीको सेवा गर्न तान्त्रिक विधि नै अपनाउनु पर्दछ भन्ने शास्त्रीय कथन छ।

जुम्लाको तात्कालिक १८ दरामध्येको एक तिवृकोट दराको यस कोट गाउँमा त्रिपुरासुन्दरीको पीठको स्थापना कसरी हुन पुग्यो, त्यो कुन समय होला भन्ने कुराको यकिन अहिलेसम्म हुनसकेको छैन। तर जुन समयमा बङ्गलामा पाल र सेनहरूको पतन भयो, जुन बेला मुसलमानहरूले भारतमा हिन्दूहरूलाई लखेटे त्यसै बेला हाम्रा हिन्दू धर्मानुयायी पुर्खा र तान्त्रिक आचार्यहरूले आफ्नो बचाउको लागि हिमालयको एकान्तस्थलमा रहेका कन्दराहरूतिर आए। तिनै तान्त्रिकहरूले यस मनोरम (कोट) स्थलमा पनि यस त्रिपुरासुन्दरी नामक शक्ति पीठको स्थापना गरे। अर्को कुरा नेपालको मध्यकालिक अवस्थामा कर्णाली प्रदेश जुम्ला राज्यको सिंजा क्षेत्रका मल्ल राजाहरू निक्कै शक्तिशाली थिए। यी मल्ल राजाहरूको समयमा यिनीहरूको प्रभाव क्षेत्र पश्चिम बद्रीकेदारदेखि मुक्तिनाथसम्म र उत्तरमा तिब्बतको गुर्गे प्रान्तदेखि पश्चिममा कुमाउसम्म थियो। यिनै खस मल्ल राजाहरूको समयमा पनि यस पीठको स्थापना भएको हुन सक्छ।

पूर्णप्रकाश नेपाल यात्रीद्वारा सङ्कलित एवं सम्पादित नेशनल रिसर्च एशोसिएशन काठमाडौंद्वारा २०३९ सालमा प्रकाशित राजा गगनिराजको यात्रा नामक पुस्तकमा मुगु श्रीकोटका राजा गगनिराजले वि.सं. १५५० (शाके १४१५) तिर मुस्ताङ्गी राजा गगनिराजबाट बाह्र वर्षको कर उठाउन मुस्ताङ्गमा जाँदा बाटोमा पर्ने त्रिपुराकोटकी त्रिपुरासुन्दरी भगवतीको दर्शन गरेको कुरा उक्त पुस्तकको पृष्ठ नं. ७६ मा उल्लेख गरिएको छ। त्यस बेला मुगु श्रीकोटदेखि मुस्ताङसम्म ३५ कोसको दूरी देखाइएको छ। राजा गगनिराजले त्यस बेला मुस्ताङ्गमा जाँदा त्रिपुरासुन्दरी भगवतीको दर्शन गरेर गएको कुरा यदि सत्य र प्रामाणिक हो भने त्यस कोट गाउँमा भगवती त्रिपुरासुन्दरीको उदय भई वि. सं. चौधौं शताब्दीमा नै बाहिर स्पष्ट रूपमा अस्तित्व कायम भैसकेको रहेछ भन्ने कुरा एक पत्रबाट सिद्ध हुन्छ भने राजा विक्रम शाही आजभन्दा २०० वर्षअघिका हुन् भने पूर्ण प्रकाशजीको लेखाई बिलकूल गलत देखिन्छ।

## मन्दिर निर्माण, पूजाविधि, गुठी र अन्य आवश्यकीय व्यवस्था

वि. सं. १४११ सम्म उपर्युक्त टाकुरामा एक साधारण ढुंगाको ओखलमात्र थियो। यस ओखलको रोमाञ्चकारी उत्खनन् भएको कुरा माथि दर्शाइ सकिएको छ। एकदिन बिहान कलिलो सूर्यको किरणको साथसाथ ओखलको पींध छिचोल्दा शिरमा घृतपूर्ण घडा भएकी भगवती त्रिपुरासुन्दरीको ९ बहिनीका मूर्तिहरू देखा परे। उत्खनन् कुमाई विष्टले भगवतीका शीरबाट सो घिउको घडा झिकी पर सारे। उक्त घडा पर सार्ने बित्तिकै घडामुनि बिराजमान भएकी भगवतीका नौ मूर्ति अलप भई नौ ओटा पुतलीको रूप धारण भएर भगवती उड्न थालिन्। अरू ६ बहिनी उपर्युक्त ठाउँमा गएर बसिन् तर बाला, त्रिपुरा र सुन्दरी तीन बहिनी सोही गाउँको एकै मन्दिरमा शक्ति स्वरूपिणी भई बसिन्।

संयुक्त शक्ति स्वरूपिणी यी ३ बहिनीले पुतलीको

रूप लिई उड्ने अवस्थामा कुमाई बिष्टले समाते। समात्ने बित्तिकै बिष्ट बेहोश भए। त्यसै बखत बिष्टमाथि देवी चढी दैवीशक्तिबाट उनी बोल्न थाले। सो बोली यस प्रकार छ हामी नौ बहिनी भगवती हौं। अरू बहिनी उपर्युक्त (बाजुरा, जुम्ला, सल्यान, बाँके र बैतडी) विभिन्न ठाउँमा गएर बसेका छन्। हामी बाला, त्रिपुरा, सुन्दरी भगवती हौं। तिमी कुमाई बिष्टले हाम्रो पूजाआजा गरी राम्रो तरहसंग सुरक्षित गरी राख्नु। ती देवीका यस्ता अद्भुत कुराहरूबारे ती बिष्टले आफ्ना राजा विक्रम शाही समक्ष जाहेर गरे। यसपछि कोट गढीका राजा विक्रम शाहीले आफ्ना सबै जना भेला गराई जन श्रम–दानबाट मन्दिरको स्थापना गरी भगवती बाला-त्रिपुरा–सुन्दरीलाई मन्दिरमा विराजमान गराए। उपर्युक्त विभिन्न ठाउँमा ती देवीहरू विभाजित भएका छन् तापनि सबैको रङ्ग तथा आकार प्रकार एउटै छ भन्ने भनाइ छ।

भगवतीको मन्दिर शुरूमा नाम मात्रको थियो। शुरू शुरूका पूजारीहरूको पालामा त्यसै सामान्य मन्दिर-मा पूजा पाठ चल्यो। त्यसपछि ऐतिहासिक पुरानो ओखलको पूर्व पट्टिको टाके भीरको टुप्पामा पाटी जस्तो मन्दिर बनाई ती ३ भगवती त्यहीं राखेर पूजा पाठ चलाइयो। त्यसपछि क्रमशः ठूलो मन्दिर र अन्य आव–श्यक पाटी, पौवा, धर्मशालाहरू बनाई मन्दिरको भव्यता बढ्न थाल्यो। पहिलेका ३ जना पूजारी (चौलागाईं, सिमखाड्या र धनाड्या) ले कैले बिहानमात्र धूपबत्ती गर्ने र तीन अध्याय चण्डीपाठ गर्ने गर्थे। अरू चाडपर्वको बेलामा भने केही पूजा पाठ बढी गरिन्थ्यो। चौथा पूजारी शुकदेव न्यौपानेको पालादेखि बिहान–बेलुका व्यवस्थित रूपले नित्यपूजा पाठ चल्न थाल्यो। त्यस बखतदेखि बिहान भगवतीको पूजा पाठ र साँझ आरती घुमाइनुका साथै प्रतिदिन एक एक आवृत्ति चण्डी पाठ र बिष्णु सहस्र नाम पाठ तथा २ अध्याय वेद पाठ गरिन थाल्यो। यसै गरी विजया दशैं र चैते दशैंका पूरा दिन, श्री कृष्णजन्माष्टमी, कर्कट संक्रान्ति, मालिका चतुर्दशी (श्रावण शुक्ल चतुर्दशी), ऋषी तर्पणी, दीपावली (यम पञ्चक) श्रीपञ्चमी र शिवरात्रि जस्ता ठूला पर्वका दिनहरूमा विशेष धूमधामका साथ पूजा पाठ गरिनुका साथै त्यसमध्येका विशेष पर्वहरूमा ३६० आवृत्ति चण्डीपाठ, २ आवृत्ति वेद पाठ, ६ आवृत्ति बिष्णु सहस्रनाम पाठ र ३६० श्लोकको त्रिपुरा सहस्रनाम स्तोत्रको पनि पाठ गरिन्छ।

बडादशैं र चैते दशैंमा सो मन्दिरमा पूजा गर्दा माछो, राँगो, बोका, सेता भेंडा र कुक्ष्माण्ड (कुभिण्डो) समेतको पञ्चबलि चढाउने चलन छ।

तिबृकोटको राज्य जित्न भनी जुम्लाबाट गएको गोर्खालीको फौजलाई कोट गडीबाट यिनै भगवतीका पूजारी सर्पानन्द पाध्या र बिष्णुपद पाध्या पश्चिम रिमी गाउँ पुगेका थिए। रिमी गाउँमा महाराज सुत्ती शाही-का ३ ओटा मूर्ति छन् भन्ने सुनिएको छ।

पूर्वबाट आएको गोर्खाली फौजले भगवती त्रिपुरा सुन्दरीलाई बोल कबुल गरी धूपबत्तीको व्यवस्था गरे अनुसार खानी र बैंजीबाडा गाउँका जनताले आफ्नो नाउँबाट मालपोत उठाई यी भगवतीको धूपबत्तीको निमित्त शुरूमा यिनै कोटाल थानी एवं पूजारी बिष्णुपद पाध्या हस्ते बुझाउने गरेका थिए भन्ने कुरा अरू बूढा-पाकाहरूबाट सुनिन्छ।

हाल यस मन्दिरमा डोल्पा जिल्लाका कोला, ताछीन, व्यास, बैंजीबाडा, वनटाँडोरह, रसी, लाउन, छल, गधु (गद्दु), लुम, कलिकाँडा, खानिगाउँ र अना-रल्ली गल्ली आदि गाउँका जनता गुठीयारमा खटिई बोका, धूप, अक्षेता र अन्य सामानहरू ल्याई यसै मन्दिरको गुठीमा बुझाउने गर्दथे।

यस मन्दिरमा व्यवस्थित रूपले पूजापाठ हुन थालेपछि विभिन्न श्रद्धालु व्यक्तिबाट प्राप्त दानको रकम र देवीको गुठीको रूपमा आयस्थाको लागि जग्गाको व्यवस्था भयो। त्यसै गरी स्थानीय कठायत परिवारले चलाएको चाँदीको छडी, लौरो बोकेर मन्दिरको ढोकामा पर्खेर झाडु बढारू र छडीयारको काम गर्ने कुनै पनि पूजारी परिवारले पूजापाठको काम, राजा विक्रम शाहीका नजीकका सन्तानले निशानीको काम र बिष्ट परिवारले फूलपाती जम्मा गर्ने र बत्ती काट्ने आदि

कामको जिम्मा लिएका छन् ।

भगवतीको आयस्रोत र व्यवस्थित पूजापाठको लागि गरिएको व्यवस्था अनुसार मन्दिर वरपरका ५० गाउँबाट बलिको लागि १।१ बोका ल्याई रु. ।३२ पैसामा दिनु पर्ने भयो । उक्त बोका बडादशैं, चैतेदशैं र यथा शक्य प्रत्येक अष्टमीमा काटिन्छन् । भगवतीको पूजाआजा गरी खानु भनी पूजारीका नाममा १८ औं शताब्दीदेखि दिइएका खेत सम्बन्धित पूजारीहरूले भागबण्डा गरी भोगचलन गरी आएका छन् । पुरानो गुठीको जग्गाबाट तिरोस्वरूप स्थानीय गल्ली गाउँकी जग्गाबाट आएका आयस्ता रु. ३३३।- र स्वर्गीय श्री ५ महेन्द्र २०२० सालमा जुम्लामा सवारी भएको बखतमा मौसूफबाट हुकुम बक्से अनुसार प्रति वर्ष थप आउने गरेको रु. ३६०। बाट दैनिक पूजाको खर्च जेनतेन प्रकारमा चलाइएको छ ।

उक्त मन्दिरको पश्चिमतर्फ राजा विक्रम शाहीका विगुले वीरे दमाईंको सम्झनास्वरूप वीरस्थान छ । भगवतीको मन्दिरकै आसपासमा त्रिपुरासुन्दरीको बाहन भनी मानिएको ठाँके बाहनको स्थान छ । सो मन्दिरको पश्चिमतर्फ हरिकीर्त्तन मन्दिर छ । सो मन्दिरमा ब्रह्मा, विष्णु, महेश्वर, कृष्ण, बुद्ध, लक्ष्मी, सरस्वती र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका मूर्तिहरू छन् । यसै प्रकार मन्दिरको वरपर निकै अग्लाअग्ला लिङ्ग र ती लिङ्गमा टाँगिएका ध्वजा पताकाहरूले पनि अपूर्व शोभा दिएको देखिन्छ । ती मध्ये त्रिपुरासुन्दरी, गुरु चन्दननाथ, चण्डीका देवी र महाराज विक्रम शाहीका चार ओटा झण्डाको विशेष महत्त्व मानिन्छ ।

भगवतीको मुख्य मन्दिरमा सुनको गजूर सुशोभित छ । सो गजूर वि. सं. १८ औं शताब्दीमा राखिएको हो र यो गजूर १३ तोला सुनबाट बनेको हो भन्ने सुनिन्छ । तर कसको, कुन प्रेरणा र स्रोतबाट उक्त सुनको गजूर रहन गएको हो सो कुरा थाहा हुनसकेको छैन ।

भगवतीको मुख्य मन्दिरमा विद्यमान मूर्तिहरू मध्ये बाला, त्रिपुरा, सुन्दरी, जोगमाया आदिमा शिलाका मूर्तिहरू छन् । यस अतिरिक्त धातुका अन्य ८ मूर्ति छन् । ती मूर्ति सो मन्दिर स्थापनाकालदेखिका मानिन्छन् । त्यस्तै विशलिङ्ग, शालिग्राम, लक्ष्मीनारायण आदि देवताका शिला मूर्तिहरू पछि राखिएका हुन् भन्ने भनाइ छ । त्यस्तै चण्डीका, चामुण्डा, नृसिंह र वैष्णवका मूर्तिहरू गत २०२९ सालमा चोरी भैसकेका छन् भन्ने सुनिन्छ । उक्त मूर्तिहरू पञ्च धातुबाट बनेका हुन् र अन्य मूर्तिमध्ये धेरै जसो नयाँ थिए भन्ने भनाइ छ ।

यस मन्दिरको वरपरको अवस्थालाई ध्यानमा राख्दा यस मन्दिरको स्थापनाकालदेखि नै यसको समुचित व्यवस्था हुँदै आएको पाइन्छ । यस मन्दिरको क्षेत्रभित्र देवी सार्ने कोठा, बज्र शाला, पाठ, होम, ध्यान एवं यज्ञ गर्ने कोठा, दमाईंले बाजा बजाउने कोठा, श्रद्धालु भक्तजनहरू बस्ने धर्मशाला र अरू पाटी पौवाहरूको निर्माण भएको देख्दा यस मन्दिरप्रति सबै क्षेत्रको ध्यान गएको पाइन्छ ।

विगत केही वर्ष अघिसम्म उक्त मुख्य मन्दिर लगायत भवन, स्थान, मठ तथा पाटी पौवा समेत पूरै जीर्ण अवस्थामा थिए । २०३५ सालदेखि यता श्री ५ को सरकारको रु. ५०,०००।– अनुदान र स्थानीय जनताको करीब १ लाख बराबरको श्रमदानबाट उक्त मन्दिर र अन्य भवनको जीर्णोद्धार भई मन्दिरको पूरै क्रियाकलाप गरिएको छ र हाल कोट गाउँमा खानेपानी र बिजुली बत्तीको समेत व्यवस्था भइसकेको छ ।

वि. सं. २०१८ मा नेपाल अधिराज्यमा ७५ जिल्लाको स्थापना भइसकेपछि जुम्ला मालबाट २०२२ सालमा डोल्पा माल अड्डा फाटेर गएको हो । यही अवस्थादेखि त्रिपुरासुन्दरी मन्दिरको मालपोत र गुठीको आयस्ता सम्बन्धी कुरा डोल्पा माल कार्यालयले नै हेर्न थालेको छ ।

विभिन्न राजनीतिक दृष्टिबाट छुट्टै तिबूकोट जिल्ला कायम भएपछि काई गाउँ, मनि, झारज्वाला र देपाल गाउँमा क्रमशः सदरमुकाम सर्दै आए । करीब वि. सं. २०२८ मा देपाल गाउँका भवानीप्रसाद न्यौपाने र प्रयागदत्त देवकोटाले सो देपाल गाउँमा

तिबृकोट जिल्लाको नामले त्रिपुरासुन्दरीको तथाकथित मन्दिर खडा गरी वास्तविक त्रिपुरासुन्दरी भगवतीको नामको करीब रु. ६५।– जुम्ला मालबाट बीचैमा आज–सम्म जफत गरिरहेको कुरा सुन्दा सो रकम सम्बन्धमा चित्त बुझेको छैन ।

## गोर्खालीको विजय र राजा विक्रम शाहीको निधन

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा काठमाडौं उपत्यका विजय गरेपछि नेपाल अधिराज्यका विभिन्न ठाउँमा रहेका अन्य राज्यलाई एकीकरण गरी विशाल नेपालको निर्माण गर्दा यसको प्रभाव यस कर्णाली प्रदेशमा पनि पऱ्यो ।

वि. सं. १८३१ मा मौसूफको स्वर्गारोहण भएपछि श्री ५ सिंह प्रताप शाहको करीब ४ वर्षको कार्यकालमा पनि यस प्रदेशतिर हेरिएन । वि. सं. १८३४ मा मौसूफ-को निधन भएर श्री ५ रणबहादुर शाह गद्दीनसीन होईबक्स्यो । मौसूफबाट राज्यारोहण भएको ठीक १२ वर्ष पछि मौसूफका काका श्री ५ पृथ्वीनारायणका छोरा अधिराज बहादुर शाहको निर्देशनमा नेपाल अधिराज्यका कुना कुनामा बाँकी रहेका टाकुरे राजा र यिनीहरूको राज्यलाई जित्न भनी पठाइएको सरदार प्रबल राना, काजी शिवनारायण खत्री र भुपाल थापा समेत भएको एउटा टोली गण्डकी प्रदेश हुँदै कर्णाली प्रदेशतर्फ लाग्यो । यो समय वि. सं. १८४६ तिरको हो । यस टोलीलाई गोर्खा राज्य (नेपाल अधिराज्य) जित्ने गोर्खाली टोली भनिन्थ्यो । यो एउटा टोली पूर्व मुस्ताङ्ग-बाट ठाँकेको लेक भई पश्चिम तिबृकोटतिर आइरहेको थियो । यो टोली मुस्ताङ्गबाट आएर छार्का भोटमा पुग्यो । छार्का भोटबाट उठेको सो टोली रानी ढुंगा र यहाँबाट पनि हिँडेर स्थानीय प्रसिद्ध छ्याँदुला गुम्बामा आई बस्यो ।

त्यस बेला कर्णाली प्रदेशको विभिन्न टाकुरे राज्यमा कल्याल वंशी राजाहरूले राज्य गरिरहेका थिए । कर्णाली प्रदेश बाइसे राज्यभित्र पर्दछ । सो टोली छ्याँदुला गुम्बाबाट त्यहाँको भैरवी नदी (भैरवी गंगा) र तराप खोलाको संगममा आइपुगेछ । गोर्खालीलाई गोर्खा भन्ने पनि गरिन्थ्यो । हामीसंग लडाई गरेर हाम्रो राज्य जित्न गोर्खा यतातिर आइरहेको छ भन्ने थाहा पाएर स्थानीय खानी गाउँका कल्याल वंशी राजा खन्यालले आफ्नो गाउँ ठाउँ नजीकका नदी, खोला र बगरमा लगाइएका काठका साँघु र लाप्का (पुलेसा) हरू झिकी वारपार गर्न रोकी खोला र नदीमा बगाई दिए । अनि त्यो गोर्खा आफ्ना गाउँ घरमा लड्नकोलागि आउन नसकोस् भन्ने उद्देश्यले खन्याल राजाले गाउँ भरि जाडे र भोटे कुकुर छोडेर आफ्ना घर दैलोमा काँडा बाँडेर बसे । ती गोर्खालीहरूले त्यस ठाउँ वरपरका अरू मानिस-लाई यो के ठाउँ हो र यहाँ कस्ता मानिस बस्दछन् भनी सोद्धा उनीहरूले यो गाउँ हो र यहाँ कल्याल वंशी खन्याल राज राज्य गरी बस्दछन् भन्ने जवाफ दिए ।

भैरवी र तराप खोलाको त्रिवेणी (दोभान) वरपरका खोला तथा बगरहरूमाथि लगाइएका साँघु र लाप्काहरू नहुँदा नदी र खोला तर्न नसकी त्यहाँ त्यो गोर्खाली टोली रोकिएर रह्यो । ती गोर्खालीहरूले आफ्नो साथमा आएको फौज र स्थानीय गाउँलेहरूको सहयोगबाट त्यहाँका वन जङ्गलमा प्रशस्त रूख काटी गाउँ ठाउँमा साँघु र लाप्काहरू लगाउन खोजे । तर साँघु र लाप्का लगाउने जतिसुकै प्रयास गरे पनि बीचैमा रूख पटापट भाँचिदा साँघु र लाप्का लाग्न सकेनन् । जतिसुकै गोटा र अग्ला रूख काटे पनि साँघु र लाप्का-का काठ भाँचिने गरी आफ्नो प्रयास असफल भएकोमा ती गोर्खालीहरू बडो चिन्तामग्न भए । अनि त्यसपछि त्यहाँ कसको प्रभावले यस्तो बिघ्न हुनगएको हो भनी गोर्खालीहरू सोच्न लागे । अनि उनीहरूले स्थानीय गाउँलेहरूले यस ठाउँमा प्रसिद्ध त्रिपुरासुन्दरी देवी भग-वतीको महत्त्व भएकोले ती गोर्खालीहरूलाई उनको प्रभाव बारे प्रकाश पारे । अनि ती गोर्खालीहरूले तिमी देवीको कृपाले यी साँघु र लाप्काहरू लागुन् । यो साँघु तारेर हामी यहाँबाट पार भई यहाँका राजालाई जितेर हाम्रो विजय भएमा यो खानी र बैजी बाडो भन्ने दुइटा गाउँ तिमी त्रिपुरासुन्दरी भगवतीलाई चढाउँला यी दुई गाउँ–बाट उठेको रकमबाट तिमीलाई धूप बत्ती चढाउँला

भनी ती दुई गाउँको नाम लिई हातले कुश मट्टि (संकल्प) गरी ती भगवती त्रिपुरासुन्दरीलाई चढाउने ठूलो भाकल गरे । त्यसपछि त्यहाँका सबै नदी, खोला र बगरहरूमा ठूल्ठूला साँघु र लाक्काहरू लगाउने प्रयास सफल भयो । अनि गोर्खालीको सबै फौज त्यहाँबाट तरी पारितिर पुगी त्यस फौजले खन्याल राजालाई मारे । अनि त्यसपछि त्यो गोर्खाली टोली स्थानीय दार भन्ने गाउँमा पुगेर त्यस टोलीले त्यहाँका कल्लायल वंशी राजा दन्याललाई मान्य । त्यसपछि टोलीले त्यहाँबाट आएर व्यास गाडका कल्याल वंशी राज व्याँसगाडीलाई मान्यो । यसै व्याँस गाउँलाई हाम्रा पौराणिक प्रसिद्ध व्याँस ऋषिले तपस्या गरेको तपभूमि भनिन्छ । त्यहाँबाट त्यो टोली दुनैमा आई बस्दा त्यहाँका राजाले कटार रपी आत्म–हत्या गरी मरे । त्यहाँका कल्यालवंशी राजाले आत्म–हत्या गरी स्वत: मरेकाले त्यहाँबाट उक्त टोली जुफाल गाउँमा बसेता पनि त्यहाँबाट नजिकैको सो त्रिपुरा सुन्दरी भगवतीको मन्दिर भएको प्रसिद्ध कट गाउँका राजालाई मारी सो कोट राज्य आफ्नो हातमा लगाउने ठूलो मनसुवा उक्त टोलीले राखेको थियो । त्यस बेला सो कोट भन्ने ठाउँमा कल्लायल वंशी राजा उनै विक्रम शाही राज्य गर्दथे ।

यो त भयो पूर्व मुस्ताङ्गका तिरबाट आएको गोर्खाली टोलीले राज्य जित्नै आएको कुराको कथन । जुम्लाबाट पूर्वतिरको तिबृकोट राज्य जित्न भनी गएको गोर्खाली टोलीको सम्बन्धमा स्थानीय गाउँ ठाउँमा पाइने एक अर्को ऐतिहासिक कथन यस प्रकार छ–

वि. सं १८४६ कै कुरा हो । सरदार प्रबल राना र काजी शिवनारायण खत्रीकै नेतृत्वमा प्यूठान, सल्यान र जाजरकोट हुँदै जुम्ला राज्य जित्न भनी आएको टोली जुम्लामा पुगेको थियो । यही सालमा उक्त टोलीले जुम्ला राज्य सहजै जित्यो । उक्त टोलीले जुम्ला राज्य जित्दा जुम्लाको अन्तिम कल्याल वंशी राजा शोभान शाही जुम्लाबाट भागेर उत्तर हुम्लातिर गए । यसै बेला जुम्लीहरूले भनेको एउटा उखान (लोकगीत) यस प्रकार छ–

भातु खायो शोभान शाहीले, ताउली हाल्यो कुम्ला
जीती आयो गोरखय, जनीनमार जुम्ला ।

अर्को कल्याल वंशी जुम्ली राज सुर्त्ती शाही महाराज जुम्लाबाट भागेर पूर्व तिबृकोटतिर लागे । ती गोर्खालीद्वारा धपाइएका वा गोर्खालीको भयले स्वयं धपिएका सुर्त्ती शाही तिबृकोट दराको रिमी गाउँमा आई बसे । यसै रिमी गाउँमा महाराज सुर्त्ती शाहीका ३ ओटा मूर्तिहरू छन् । त्यस गाउँमा बस्ने कल्याल राजाका सन्तानहरूले ती मूर्तिलाई र शाहीका मूर्ति आजसम्म पूजा गरिरहेकै छन् । तिनै सुर्त्ती शाहीका आफ्नै एउटा भाइ हुन् वा उनका कुनै एउटा सन्तान हुन् त्यस रिमी गाउँबाट यसै दराको च्यु भन्ने गाउँमा आई बसेका छन् । तिनको सन्तान आजसम्म यस च्यु गाउँमा पाइन्छ । रिमी गाउँबाट तिनै सुर्त्ती शाही कोट गाउँमा गई बसेका हुन् भन्ने भनाइ छ । कोटका राजा विक्रम शाही तिनै सुर्त्ती शाहीका छोरा हुन् भन्ने पनि एक अर्को कथन पाइन्छ । कोटका राजा विक्रम शाहीको दरबार त्रिपुरा सुन्दरी भगवतीको मन्दिरभन्दा पछाडिपट्टि थियो भन्ने स्थानीय जनताको भनाइ छ ।

त्रिपुरासुन्दरी भगवतीको र तिनका भक्त राजा विक्रम शाहीको बारेमा केही लेखकको लेखाइ र स्थानीय जनताको भनाइलाई सङ्कलन गर्दै जाँदा राजा विक्रम शाहीको दरबार सम्बन्धमा एक थरी लेखाई यस्तो पाइन्छ-

राजा विक्रम शाही भगवती त्रिपुरासुन्दरीका सार्‍है ठूला भक्त थिए । यिनको दरबार सो मन्दिरको सीधा उत्तर मुकुट हिमाल (मुकुटेश्वर हिमाल) को नजीकैको अग्लो पहाडको टुप्पामा थियो । सो दरबारको भग्नावशेष अद्यापि बाँकी नै छ । उक्त दरबारबाट प्रति-दिन २ कोश तल भेरी नदीमा आई स्नान गरी यिनै भगवतीको पूजापाठ गरेर सो मन्दिर नजीकैको ढुंगाको गद्दीमा बसी राजा विक्रम शाही राजपाठ चलाउँथे । उनै भगवतीलाई साक्षी राखी जनताको न्यायनिसाफ हेरी सो काम सकेर मात्र पुन: २ घण्टाको उकालो चढेर उनी भोजन गर्दथे । यो कठीन दिनचर्या सामान्य मानिसको लागि २

दिनको काम हो । धेरै वर्षसम्म यिनले कोट राज्यको शासन चलाएका हुन् ।

माथि (पूर्व) छार्का भोटतिरबाट आएको एउटा गोर्खाली फौज जुफाल गाउँमा आई बसेको र तल (पश्चिम) जुम्लाबाट गएको अर्को गोर्खाली फौज यसै कोट गाउँको वारिपट्टिको गुद्धमा टाउको भन्ने ठाउँमा आई बसेको थियो । सो टाउकोबाट नजीकै पारिपट्टि राजा विक्रम शाहीको दरबार देखिन्थ्यो । कोटबाट यो टाउको धेरै नजीक (करीब आधा घण्टाको) छ र जुफाल गाउँ कोट गाउँबाट करीब ३ घण्टाको दूरीमा छ । जुम्लाबाट जाने गोर्खालीको फौजले त्यस गुद्धमाको टाउकोबाट बिगुल (अथवा कुनै आवाज आउने बाजा) बजाउँदा त्यसको ठीक पारिपट्टि राजा विक्रम शाही र उनको लुगा सिउने बिगुल र अन्य बाजा बजाउने वीरे भन्ने सगुनी दमाईले त्यस बिगुलको बाजा सुने । त्यस टाउको र कोटको दरबारको बीचमा छल गाड (ताम्रबर्णी नदी) ले छेकेको छ । त्यस बीरे दमाईले पनि त्यस बिगुलको प्रत्युत्तरमा पारिबाट दमाहा बजायो । राजा विक्रम शाहीको तर्फबाट बाजा (दमाहा) बजाउने त्यस मानिस–लाई मार्छौं भनी त्यस टाउका (टाकुरा) बाट गोर्खाली-को फौजले भरेको बन्दूक सोझ्याउँदा त्यस बन्दूकबाट गोली गई सोझै पारिपट्टिको वीरे दमाईको पेटमा लागेर तत्काल त्यस दमाईको मृत्यु भयो ।

त्यस कुराबाट ती गोर्खालीको फौज तल छल-गाडतिर झर्न थाल्दा पारि राजा विक्रम शाही आत्तिएर अब यस फौजले मलाई पनि मारी मेरो राज्य लिने भयो । यो गोर्खालीको हातबाट मुर्नभन्दा सेरिएर (आफैले आफ्नो घाँटीमा धारिलो हतियार प्रयोग गर्ने) म आफै मर्छु र म ज्युँदो हुँदा पनि यो राज्य मेरै थियो । तथा म मरे पनि यो राज्य मेरै कायम गर्छु भन्ने विचारले उनले आफ्नो छातीमा राखेको खाँडो र फलाम–को कटारो लिई आफ्नो छातीमा धसी उनी आत्महत्या गरी मरे । यिनको मृत्यु भएकोले यिनकी रानी अग्रावती र यिनका छोरा बद्री शाहीले आफ्ना श्रीमान् र बाबुको शोच बारेर कपालमा छाप्रो हालेर बसे । यति गर्दैमा गोर्खालीको त्यो फौज छलगाड तरेर कोटतिरको उकालो लाग्यो । तिनीहरू यहाँ पुगेर हामीहरूलाई पनि मार्छन् भन्ने विचारले यिनीहरूको हातबाट मर्नुभन्दा हामी दुई आमा छोरा पनि कटारो रोपी मर्छौं भनी रानी अग्रावती र युवराज बद्री शाही छातीमा कटारो रोपी भगवती त्रिपुरासुन्दरीको शरणमा परी आत्महत्या गरी मरे । एक डेढ घण्टाको बीचमा राजा, रानी र युवराज-को मृत्यु भयो । यी तीनै जनाले आत्महत्या गरी मरेकाले जुम्लाबाट गएको गोर्खाली फौजले यस तिबृ–कोटको ठूलो राज्य सजिलैसंग आफ्नो हातमा लगायो । जुफालबाट आएको गोर्खाली फौज र जुम्लाबाट गएको गोर्खाली फौजको त्यहीं त्यतिखेर भेट भयो । जताबाट गएको गोर्खाली फौजले तिबृकोट राज्य जिते पनि आखिरमा कल्यालवंशी राजाको हार भई गोर्खाली फौज-को विजय भई तिबृकोट राज्य विशाल नेपालमा मिलाई आफ्नो विजयपताको चिन्ह गाडेर ती दुवै फौज मिली पश्चिमका अरू राज्य जित्न हिंडे ।

यस तिबृकोट भेगमा हिजोआज कसैलाई पेट दुखेमा उही वीरे दमाई र मुटु दुखेमा उनै राज विक्रम शाही लागे भनी वीरे दमाईलाई कुखुरा र राजालाई सेतो भेडो र सेतो ध्वजा, तोरन र खुँडो चढाउने चलन छ । वीरे दमाईलाई चामल चढाउने चलन छ । यति चढाएपछि पेट दुख्न र मुटु दुख्न छोड्छ भन्ने पनि भनाइ छ ।

## ऐतिहासिक कथनमा देखापरेका केही विवाद-पूर्ण कुराहरू

यो लेख यस लेखकको परिशिष्ट खण्डमा दिइएका सन्दर्भ सामग्री र डोल्पा जिल्लाका इतिहास प्रेमी केही बूढापाकाहरूको ऐतिहासिक कथनलाई संग्रह गरी लेखि-एको हो । सम्बन्धित क्षेत्रमा पाइने सनद, लालमोहर, रूक्का, आदेश र ऐतिहासिक पत्रको प्रशस्त अध्ययनविना यसमा देखापरेका विवादपूर्ण कुराहरूको निर्णय दिन सकिंदैन । ठोस विषयवस्तु प्रस्तुत गर्नुका साथै यहाँनेर विवादित कुरा देखापरेको छ भनी औंल्याइदिनु यहाँ अर्को उपादयता ठानिएको छ ।

## विवादपूर्ण कुराहरू

१) जुम्ला र तिबृकोट राज्य जित्न आएको गोर्खाली टोली एउटै हो वा फरक ? जुम्ला राज्य जित्न आउने टोली नेताहरूमा काजी शिवनारायण खत्री र सरदार प्रबल रानाको नाम छ । मुस्ताङ्ग भएर छार्का भोट हुँदै तिबृकोटमा आउने गोर्खाली टोलीहरूको नेतृत्व गर्ने व्यक्तिमा पनि उपर्युक्त दुई जनाको साथै भूपाल थापाको नाम पनि संलग्न छ । यी पंक्तिका लेखकद्वारा लिखित जुम्लाको सामाजिक रूपरेखा नामक पुस्तक (२०२७) मा कर्णाली प्रदेशभित्रका २२ ओटै राज्यको नाम उल्लेख भएको छ । जुम्ला राज्य जित्न भनी आएको टोली पूर्वबाट पश्चिम हुँदै जुम्ला जितेर तिबृकोटतिर फर्केको होइन, बरू जुम्लाबाट पूर्व तिबृकोटतिर लागेको गोर्खाली फौजले तिबृकोट (खास त्रिपुराकोट) का राजा विक्रम शाहीलाई जितेर तिबृकोट राज्य आफ्नो हातमा लगायो भन्ने उल्लेख छ । पूर्वबाट आएको टोली जुफाल गाउँमा आई बसेको र टोलीका प्रमुखहरूको नाम समेत उक्त कथनमा समाविष्ट छ । तर तिबृकोटको कोट जितेको श्रेय जुम्लाबाट गएको गोर्खालीको टोलीलाई दिइएको छ परन्तु छार्का भोटतिरबाट आएको टोलीलाई दिइएको छैन, तर पूर्व र पश्चिम दुवैतिरबाट आउने टोली प्रमुखहरूको नाम आएको छ ।

२) कर्णाली प्रदेशको विशाल भू–भागमा जम्मा १८ दरा २२ पाखा कायम गरिएका छन् । तीमध्ये तिबृकोट दरा पनि एक हो । यही तिबृकोट दराले अहिले डोल्पा जिल्लाका २३ गाउँ विकास समितिलाई ढाकेको छ । पुरानो यही त्रिपुराकोट शब्दको अपभ्रंश हाल तिबृ-कोट शब्द बन्न गएको छ । यस त्रिपुराकोटको मुख्य थलो नै यिनै त्रिपुरासुन्दरी भगवतीको उत्पत्ति भएर यिनको मन्दिर स्थापना भएको कोट (गाउँ र ठाउँ) हो । त्रिपुरा र कोट दुई शब्दको संयुक्त नाम नै त्रिपुरा–कोट (तिप्रीकोट) हो । त्रिपुरा शब्दले भगवती त्रिपुरा–सुन्दरीको संकेत गर्दछ भने कोट शब्दले सानो टाकुरो भएको भौगोलिक (ठाउँको) परिचय दिन्छ ।

अब कुरो आयो यस तिप्रीकोटको कोटमा भगवती त्रिपुरासुन्दरी माई लुकाई राखेको उपर्युक्त ऐतिहासिक ओखलको उत्खनन् भएर भगवतीको अस्तित्व कायम भई मन्दिरको स्थापना र पूजापाठको प्रचलन पहिले भएको हो कि अथवा यहाँका राजाको पहिले राज्य कायम भई सकेपछि मन्दिरको रूप आएको हो । अर्थात् त्यस ठाउँमा पहिले राजाद्वारा देवीको अस्तित्व कायम भयो वा अहिले ती देवीले त्यहाँ राजा र दरबारको व्यवस्था गरिन् । अथवा अर्को भाषामा विष्ट गिरी र कठायत आदि थरका मानिसको साथै कोटराज्यको चहल पहल पहिले भएको हो कि वा त्रिपुरासुन्दरी भगवती उत्पत्ति भएर ती देवीद्वारा त्यहाँ मानिसको बस्ती बसाल्न थालिएको हो ? यसमा दुइटै कुरा हुन सक्छ । अण्डा पहिले कि कुखुरा पहिले भने जस्तै समस्या यहाँ देखापरेको छ । राजा विक्रम शाही महाराजको दरबारको छेउमा एउटा ओखलमा धान कुट्ने विष्ट कजिनीहरूले धान कुट्दा देखापरेको आश्चर्यलाग्दो धान र चामलको कुरा र त्यो ओखल खन्दा ओखलको मुन्तिरबाट बाबा, त्रिपुरा, सुन्दरी आदि नौ बहिनीको प्रादुर्भाव भएको कुरा माथि उल्लेख भएकै छ ।

गोर्खालीदेखि त्रस्त भएर आफै आत्महत्या गरी मर्ने राजा पनि तिनै विक्रम शाही हुन् भन्ने कुरा पनि माथि उल्लेख भइसकेको छ । त्यसो भए राजा विक्रम शाहीले आत्महत्या गरी मरेको साल, महीना र गते एवं गोर्खाली फौजले तिप्रीकोटको कोट राज्य स्वाधीन गरेको मिति उही १८४६ हुन आउँछ । अर्थात् जुम्लाकोटको कोट राज्य ठीक दुई सय दुई वर्ष पहिले विशाल नेपालमा मिलेको हो । तिप्रीकोटमा प्रसिद्ध त्रिपुरासुन्दरी भगवतीको उदय भई स्थापना भएको के २०२ वर्ष मात्र भयो त ?

डोल्पा जिल्लाका तात्कालिक का. मु. जि. शि. अ. विश्वनाथ ढकालद्वारा लिखित डोल्पाली सेरोफेरो नामक पुस्तकको पृष्ठ नं. ४७ र ४८ मा ढकालजीले वि. सं. १४११ मा सो ओखलको उत्खनन् भएको कुरा उल्लेख गर्नु भएको छ । माथिका कुराहरूले वि. सं. १४११ को कुरालाई खण्डन गरी दिएका छन् ।

वि. सं. १८४६ र वि. सं. १४११ मध्ये कुन कुरा ठीक हो ? यो अध्ययनको विषय बनेको छ ।

३) सहकर्मी पूर्ण प्रकाश नेपाल 'यात्री' को राजा गगनि राजको यात्रा भन्ने पुस्तकमा मुगु जिल्ला खत्याद दरा श्रीकोटका राजा गगनि राजको अधीनमा मुस्ताङ्ग–सम्मका राजाहरू रहेछन् भन्ने कुरा दर्सिन्छ। मुस्ताङ्गी राजाले राजा गगनिराजलाई १२ वर्षसम्मको तिरो र अन्य रकम नबुझाएकोमा राजा गगनिराज आफ्ना दला बल सहित श्रीकोटबाट आफ्नो यात्रा शुरू गरी चौथा-माझा गएर जुम्लाको छिनासिमस्थित प्रसिद्ध चन्दननाथ-को दर्शन गरी जुम्लाको गज्र्याङ्कोट, कुंडी, मुनि, चोत्र हुँदै मौरेको लेक काटेर तिप्रीकोटतिर लागेका थिए। उनले तिप्रीकोटको कोटमा गई भगवती त्रिपुरासुन्दरीको दर्शन गरेको कुरा यात्रीजीले सो पुस्तकमा उल्लेख गर्नु भएको छ।

राजा गगनिराजले मुस्ताङ्गसम्मको यात्रा गरी आफूले उठाउनु पर्ने कर उठाएको समय शाके १४१५ संवत् १५५० को आसपासमा हो भनी उक्त पुस्तकको पृ. नं. ७३–७७ मा उल्लेख गरिएको छ। वि. सं १५५० तिर राजा गगनिराजले तिप्रीकोटकी त्रिपुरासुन्दरी भगवतीको दर्शन गरिसकेका थिए भने वि. सं. १८४६ तिर तिप्रीकोटका राजा विक्रम शाहीका काजी विष्टहरूले ओखलको उत्खनन् गरेर बाला, त्रिपुरा, सुन्दरी सहितको ९ बहिनी देवीका मूर्ति र पुतली कसरी फेला पारे ? स्थानीय जनताको भनाइ, किंवदन्ती र लोकोक्तिहरू पनि झूठा हुन् भन्न सकिंदैन। इतिहासका पूर्वाधार नै यस्तै लोकोक्ति र किंवदन्तीहरू नै हुन्। यात्रीजीको सो लेखाइ कतिसम्म तथ्य र आधारपूर्ण छ, सो कुराको जिम्मेवार उहाँ नै हुनुहुन्छ।

त्रिपुराकोटमा स्थापित त्रिपुरासुन्दरी देवीको मन्दिरका मूर्ति र सालिकको साथसाथै प्रतिष्ठापित राजा विक्रम शाही, उनकी महारानी र उनका छोराको मूर्ति र सालिकलाई स्थानीय जनताले त्यसै ठट्टा र हल्का किसिमले राखेका हुन् भन्न पनि कुनै हालतमा सकिंदैन। त्यस ठाउँमा ओखलको उत्खनन् गरी ९ ओटी देवीको उत्पत्ति पहिले भएर त्यसपछि यहाँ राजाको व्यवस्था भएको हो कि अथवा राजाको व्यवस्था भएर दरबार बनि-सकेपछि राजाका काजी विष्टहरूद्वारा ओखलको उत्खनन् भएर देवी प्रकट भएकी हुन् ? यो ठूलो प्रश्नवाचक चिन्ह् आजका इतिहास, संस्कृति र भाषाका अन्वेषकहरू-को अगाडि राखिएको छ। तर लोकोक्ति अनुसार राजा विक्रम शाहीको कार्यकाल वि. सं. १८ औं शताब्दीको मध्यतिरको देखिन्छ भने सो ओखलको उत्खनन् वि. सं. १४ औं शताब्दीतिर भएको हो। हाम्रा लेखकहरू पूर्ण–प्रकाश नेपाल, विश्वनाथ ढकाल र जनकलाल शर्मा आदि डोल्पा जिल्लासम्बन्धी कुरा लेख्ने विभिन्न लेखकहरूको भनाइ कतिसम्म सत्य हो भविष्यमा निरूपण हुने कुरामा यो लेखक विश्वास गर्दछ।

२०४५ सालमा राजपरिवारको डोल्पा जिल्लाको यसै कोट गाउँमा सवारी भई यस त्रिपुरासुन्दरी भगवती-को दर्शन गर्दाखेरी यस मन्दिरको पुनर्निर्माण गर्न आव-श्यक भएको महसूस गरिएको थियो।

श्री ५ को सरकारको रु. ४ लाखको लागतमा यस मन्दिरको पुनर्निर्माण गर्ने कार्यक्रम अनुसार २०४७ साल वैशाख महीनादेखि शुरू भएको थियो।

अत्याधुनिक ढङ्गले बनाइएको यस मन्दिरका पर्खाल-मा चुन, सिमेन्ट र बालुवा लगाउने र छानामा ढुंगाको छाना लगाउने गरी बनाइएको यस कार्यक्रमले यस मन्दिर-को आकार प्रकार र रूप स्थायी रूपमा हुने आशा गर्न सकिन्छ। यस मन्दिरको नाममा जम्मा २८ मुरी (७ रोपनी) जग्गा दर्ता भएको छ जसमा ८ मुरी कोट गाउँ-मा र २० मुरी गल्ली भन्ने गाउँमा छ।

### श्रीबाला त्रिपुरासुन्दरी भगवतीको मानसिक आरती (संक्षिप्त रूप)

१) उचे देवल निचे देवल चारलिङ्गा ध्वजा धारी
त्रिपुरा सुकमारनकरी माता तिन बर्णाकारी
जय जय माता बालत्रिपुरा–सुन्दरी भक्तजन गुं
चारिणी।

२) दक्षिण भेरी वामगङ्गा उत्तरशिर मुकुटधारी
विराट स्वरूपकी विराजी माता त्रिभुवनके अधिकारी

जय जय माता बाला–त्रिपुरा–सुन्दरी भक्ताजन गुं
तारिणी ।

(इत्यादि)

परिशिष्ट खण्ड

**सन्दर्भ सामग्री**


१) रत्नाकर देवकोटा– जुम्लाको सामाजिक रूपरेखा-पुस्तक -२०२७

२) " " –वेन्नु पुस्तिका- ४ –२०२६, पृ. नं १३

३) जनकलाल शर्मा– डोल्पा यात्राको ७ अध्याय, 'नेपाली' त्रैमासिक साहित्यिक पत्रिका- पूर्णाङ्क ४५- (२०२६ ?)

४) विश्वनाथ ढकाल– डोल्पाली सेरोफेरो पुस्तक– २०३५ ।

५) सम्पादक
लक्ष्मीनारायण न्यौपाने- त्रिपुरा सहस्रनामक स्तोत्रम- पुस्तक, २०३७ ।

६) पूर्णप्रकाश नेपाल यात्री– राजा गगनिराजको यात्रा पुस्तक, २०३६ ।

७) जनकलाल शर्मा– ताम्रवर्णी पुस्तिका, २०३६ ।

८) रत्नाकर देवकोटाको स्मृति संचिका (डायरी) २०४५ ।

९) रत्नप्रसाद देवकोटाको स्मृति संचिका (डायरी); २०४७ ।

१०) यी पंक्तिका लेखकको डोल्पा जिल्लाको २ पटकको भ्रमणका केही अनुभवहरू ।

११) पेशल दाहाल– डोल्पाको त्रिपुरासुन्दरीको मन्दिर, गोरखापत्र (२०३६ आश्विन) ।